संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-१

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०४ बजे*
*बैठक स्थगित :३:२९ बजे*

२०८१ माघ १८ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १३:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरूलाई स्वागत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको ब्यहोरा जानकारी गराउनुभयो।

"सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८१ साल माघ १८ गते शुक्रबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु।

(रामचन्द्र पौडेल)

राष्ट्रपति

माघ ०८"

त्यसपछि, सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गऱ्यो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सत्रौं अधिवेशनको पहिलो बैठकको सन्दर्भमा सोह्रौं अधिवेशन पश्चात् हालसम्म सभा र समितिमा भएको कामकारबाहीको सङ्क्षिप्त जानकारीसहित स्वागत मन्तव्य दिनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको सत्रौं अधिवेशन प्रारम्भको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउनुभयो।

१. माननीय सदस्य कृष्ण प्रसाद सिटौला
२. माननीय सदस्य नारायण काजी श्रेष्ठ
३. माननीय सदस्य भगवती न्यौपाने
४. माननीय सदस्य डा. बेदुराम भुसाल
५. माननीय सदस्य मोहम्मद खालिद
६. माननीय सदस्य शेखर कुमार सिंह
७. माननीय सदस्य तुल प्रसाद विश्वकर्मा

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्रीको कार्यभार तोकिएको सम्बन्धी पत्र सभासमक्ष जानकारी गराउनुभयो।

"सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू संवत् २०८१ साल असोज ४ गते शुक्रबार संयुक्त राष्ट्र संघको ७९ औं महासभामा सहभागी हुन संयुक्त राज्य अमेरिका प्रस्थान गर्नुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

(नारायणप्रसाद शर्मा दुवाडी)

सचिव

२०८१ असोज ०४"

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र सभासमक्ष जानकारी गराउनुभयो।

"माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा क्यानडाको टोरन्टोमा आयोजना हुने महिला परराष्ट्र मन्त्रीहरूको बैठक, न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको ७९ औं महासभा र कतारको दोहामा आयोजना हुने एसिया कोअपरेशन डायलगको तेस्रो शिखर सम्मेलनमा भाग लिन संवत् २०८१ साल भदौ ३१ गते क्यानडातर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय गृह मन्त्री रमेश लेखकले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(डा. कृष्णहरि पुष्कर)

सचिव

२०८१ भदौ ३१"

त्यसपछि, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका सभापति माननीय तुलसा कुमारी दाहाललाई "मिडिया काउन्सिल विधेयक, २०८० र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई **"सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त अध्यादेश सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेललाई **"आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१; निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१; आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त अध्यादेश सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई **"सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ र भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त अध्यादेश सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले पूर्व सभामुख दमननाथ ढुंगाना, संविधानसभा सदस्य रामजीप्रसाद शर्मा, संविधानसभा सदस्य अब्दुल हमिद सिद्धिकी र प्रतिनिधि सभाका पूर्व सदस्य एवं पूर्व मन्त्री प्रेमलाल (पीएल) सिंहको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः

(क) "वि.सं. १९९८ सालमा जन्मनु भएका पूर्व सभामुख **दमननाथ ढुंगाना**को ८३ वर्षको उमेरमा मिति २०८१ साल मङ्सिर २ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय ढुंगाना नेपाली काँग्रेस पार्टीको तर्फबाट वि. स. २०४८ सालको संसदीय निर्वाचनमा काठमाडौं जिल्लाबाट प्रत्यक्ष निर्वाचित हुनुहुन्थ्यो । वहाँले २०४८ असार ९ गते प्रतिनिधि सभाको सभामुख पदमा निर्विरोध निर्वाचित भई २०५१ सालसम्म सभामुखको भूमिका निर्वाह गर्नुभएको थियो।

यो बैठक स्वर्गीय ढुंगानाप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

(ख) "वि.सं. २०१४ सालमा जन्मनु भएका संविधान सभा सदस्य एवं पूर्व उर्जा राज्यमन्त्री **रामजीप्रसाद शर्मा**को ६७ वर्षको उमेरमा मिति २०८१ साल माघ ८ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय **शर्मा** नेकपा (एमाले) पार्टीको तर्फबाट २०६४ सालको संविधानसभा निर्वाचनमा बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट प्रत्यक्ष निर्वाचित संविधानसभा सदस्य एवं पूर्व उर्जा राज्यमन्त्री हुनुहुन्थ्यो ।

यो बैठक स्वर्गीय **शर्मा**प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

(ग) "वि.सं. २०२१ सालमा जन्मनु भएका संविधानसभा सदस्य **अब्दुल हमिद सिद्धिकी**को ६० वर्षको उमेरमा मिति २०८१ साल मंसिर ३ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय **सिद्धिकी** नेपाली काँग्रेस पार्टीको तर्फबाट २०७० सालको संविधानसभा निर्वाचन निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय **सिद्धिकी**प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

(घ) "वि.सं. १९९३ सालमा जन्मनु भएका पूर्वमन्त्री प्रेमलाल (पीएल) सिंहको ८८ वर्षको उमेरमा मिति २०८१ साल पौष १ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय सिंह नेपाली काँग्रेस पार्टीको तर्फबाट २०५६ सालको प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय **सिंह**प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

उल्लेखित शोक प्रस्तावलाई सभाले पारित गरी एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल माघ २० गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव